मुख्यसचिव

नेपाल सरकार
सिंहदरबार, काठमाडौं ।
फोन नं. :४२११०००, ४२११०८२
फ्याक्स नं. :४२११०६५

*बागमती सफाई अभियानको १०३ औं हप्ताको कार्यक्रम सम्बन्धी प्रेस विज्ञप्ती*

यही २०७२ वैशाख १९ गते शनिबार, बागमती सफाई अभियानको १०३ औं हप्ता पुग्दैछ । यो नियमित सफाई अभियानलाई गत वैशाख १२ गते मुलुकमा गएको ठूलो भुकम्पबाट प्रताडित जनता तर्फ केन्द्रित गर्नु सान्दर्भिक हुने ठानी अस्थायी शिविरमा गत हप्तादेखि ठूलो संख्यामा रहेका नागरिकहरू र सिर्जित फोहर मैलाका कारण महामारी फैलिने उच्च जोखिमको सम्भावनालाई ध्यानमा राख्दै बागमती सफाई अभियानको १०३ औं हप्तामा बागमती सफाईका अभियन्ताहरू अस्थायी शिविर (Camp) सफाईमा परिचालित हुने निर्णय गरिएकोछ ।

बागमती सफाईका अभियन्ताहरू सानो गौचरण,गोंगबु बसपार्क, सिनामंगल, तीलगंगा, च्यासल, नयाँ बानेश्वरमा आफ्नो पायक पर्ने स्थानका अस्थायी शिविरहरूको सरसफाईमा बिहान ७:१५ बजे जुटी एक साथ प्रत्येक शिविरको सरसफाई गर्न र फोहरबाट सर्न सक्ने रोगहरूको जोखिम र त्यसबाट बच्न अवलम्बन गर्नुपर्ने उपायहरूका बारेमा आम नागरिकहरूलाई सूसूचित गराउन अनुरोध गर्दछु ।

मुलुकले भोगेको यस विषम परिस्थितिमा अभियन्ताहरूको तर्फबाट हुनसक्ने सानो पूर्व सावधानीका लागि गरिने यस किसिमको सफाई र चेतनामुलक कार्यक्रमले विपद् पश्चात आउन सक्ने महामारीलाई रोक्न अहम् भूमिका खेल्न सक्छ भन्ने हाम्रो विश्वास रहेको छ ।

२०७२ वैशाख १८ गते

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

लीलामणि पौड्याल